# कथाका क्रियाकलाप



११+
रमाइलो क्रियाकलाप

उमेर
समूह
५-१०

Australian Aid
The Asia Foundation
Let's Read
An Initiative of Karkhana

**अस्वीकरण :**

यो **कथाका क्रियाकलाप** नामक प्रकाशन तथा संलग्न शैक्षिक सामग्री अष्ट्रेलिया सरकार, वैदेशिक मामिला तथा व्यापार विभागको सहयोगमा दी एसिया फाउण्डेसनद्धारा सञ्चालित कोभिड–१९ आकस्मिक प्रतिकार्य- शिक्षा सहयोग कार्यक्रम अन्तर्गत अनुवादित रूपमा तयार गरी साझेदार नगरपालिकामा निःशुल्क वितरणरका लागि उपलब्ध गराइएको हो । उल्लिखित प्रकाशन, अनुवादित सामग्री तथा संलग्न शैक्षिक सामग्रीमा व्यक्त विचारहरूले साझेदार नगरपालिका, अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । साथै प्रकाशनमा समावेश भएका कुनै पनि कथा वस्तु वा शैक्षिक सामग्रीमा हुनसक्ने सम्भाव्य त्रुटीहरूको लागि साझेदार नगरपालिका एवं अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसन जिम्मेवार हुनेछैन ।

**बाल संरक्षण नीति :**

बालबालिका कुनै पनि वेला हेला, हिंसा, दुर्व्यवहार, विभेद, मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक समस्यामा पर्न सक्दछन् । उनीहरु विरूद्ध यौन दुर्व्यवहार, श्रम शोषण तथा बाल विवाह, बेचविखन एवं ओसार पसार जस्ता अपराध हुन सक्दछ । यसै गरी, बालबालिका हराउने, बेवारिसे फेला पर्ने तथा परि त्याग गरिएको पनि हुन सक्दछन् । यदि कुनै पनि बालबालिका यस्तै जोखिममा तथा समस्यामा परेका छन् भने बाल हेल्पलाइन नेपालको आपत्कालीन पैसा नलाग्ने फोन नं १०९८ मा सम्पर्क गर्न सकिन्छ । जोखिममा परेका बालबालिकालाई बाल हेल्पलाइनले तत्काल सहयोग र परामर्श गर्ने छ ।

# ११ भ्यागुतोको चम्किने चाहना

## विद्यार्थीका लागि क्रियाकलाप

letsread.asia/FrogsStarryWish



हामीले पढेको कथामा भ्यागुतो ताराहरूलाई मन पराउँथ्यो र तिनीहरूलाई भेट्टाउन धेरै माथिसम्म उफ्रन्थ्यो । के तिमीले पनि राती आकाशमा ताराहरू हेरेर बसेका छौ ?

बादल नभएका रात सफा आकाशमा हेर्दा तिमीले अनगिन्ति (गनेरै नसकिने) ताराहरु देख्नेछौ । केही ताराहरु ठूला र केहीचाहिँ साना हुन्छन् । कहिल्यै तिमीले आकाशका ताराहरूको थोप्लाहरु जोडी कुनै आकार बनाएका छौ ?

ताराहरु एकअर्कासँग मिलेर आकर्षक आकारका बन्ने गर्छन् । तीमध्ये केही आकारहरु निकै प्रख्यात पनि छन् ।

यस्ता आकारलाई कन्स्टेलेसन (constellations) अर्थात् तारा मण्डल भनिन्छ । हामी आफ्नै तारा मण्डल ट्युब (constellation tube) बनाऔं र केही प्रख्यात तारा मण्डललाई हामीले बनाएका ट्युबमार्फत् हेरौं ।

### बनाउनुअघि यी सामग्री छन् कि छैनन् हेर ।

१. ट्वाइलेट पेपर रोल
२. तारा मण्डलको नमूना
३. कैंची
४. सेलो टेप
५. थम्ब पिन
६. कालो कागज



# आफ्नै तारा मण्डलहरू बनाऔं



चरण १

तारा मण्डलको नमूनाहरू भएको पानाबाट गोलाकारभित्रको कन्स्टेलेसन काट र त्योभन्दा ठूलो हुनेगरी कालो कागज पनि काट ।




चरण २

त्यो कन्स्टेलेसनको नमूनालाई कालो कागजमा टाँस ।




चरण ३

अब कालो कागजलाई ट्वाइलेट पेपर रोलको आकारजति चिन्ह लगाऊ र बाँकी भागलाई पट्याउन मिल्नेगरी काट ।




चरण ४

तिमीले बनाएको कागलाई रोलको एकतिर टाँस ।



चरण ५

एउटा थम्ब पीन प्रयोग गर र कन्स्टेलेसनमा भएका ताराहरूमा प्वाल पार ।



चरण ६

कन्स्टेलेसनलाई प्रकाशको स्रोत भएतिर राख र रोलको खुला भागबाट हेर ।

## सीप बढाऊ

१. तिमीले बनाएको कन्स्टेलेसन र आकाशमा देखिने तारा मण्डलबीच एकपटक दाँज । सम्भव भएसम्म धेरै तारा मण्डलहरू भेट्ने कोशिस गर ।


२. फरक याममा फरक तारा मण्डलहरू देखिन्छन् । तिमीले तिम्रो घरबाट वर्षभरी देख्न सकिने तारा मण्डलहरूको संग्रह गर्ने कोशिस गर ।



## दिमाग लगाऊ

१. प्राचिन समयमा मानिसहरू समुद्रबाट यात्रा गर्दा सही दिशा पत्ता लगाउन तारा मण्डललाई हेर्ने गर्दथे । तारामण्डल हेरेर उनीहरूले कसरी दिशा पत्ता लगाए होलान् ?

२. विश्वभरिका मानिसको जन्मदिनका आधारमा राशी निर्धारण गरिएको हुन्छ । मानिसहरूका राशी कसरी तारा मण्डलसँग सम्बन्धित छन् ? विचार गर ।






## नमूना भ्यागुतोको चम्किने चाहना



कन्स्टेलेसनलाई छाप्न वा प्रिन्ट गर्न तलका पाना प्रयोग गर । थोप्लाहरूका आकार अनुसार सानो थोप्लाका लागि सानो र ठूला थोप्लाका लागि ठूलै प्वाल बनाऊ ।





## जानिराखौँ    भ्यागतोको चम्किने चाहना

राशी पृथ्वी वरिपरिको एक अन्तरिक्ष नै हो । वर्षभरी पृथ्वीले सूर्यलाई घुमिरहने भएतापनि पृथ्वीबाट हेर्दा सूर्य यही राशीको बाटो हुँदै घुमिरहेको देखिन्छ । १२ वटा सुपरिचित तारा मण्डलहरू यही राशीमा पर्दछन् । तिमी जन्मिँदा सूर्य जुन तारा मण्डलको नजिक हुन्छ, त्यो नै तिम्रो राशी भन्ने निर्धारण हुन्छ ।

